# आर्थिक बर्ष २०७८/०७९ को
# बजेट बक्तव्य

अजिरकोट गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
भच्चेक, गोरखा
२०७८

**आदरणीय सभा अध्यक्ष ज्यु,**
**गाउँसभा सदस्य ज्युहरु,**
**राष्ट्रसेवक कर्मचारीहरु,**
**अजिरकोटवासी वुवाआमा, दाजुभाई, दिदीबहिनी, पत्रकार एवं सुरक्षकर्मीहरु,**

कोभिड-१९ महामारीले सिर्जना गरेको चुनौतीपूर्ण परिस्थितिको सामना गर्दै नागरिकको जीवन रक्षा र विकास निर्माणलाई अगाडि बढाउने मुल ध्येयका साथ आर्थिक वर्ष २०७८/०७९ को वार्षिक बजेट तथा कार्यक्रम सम्मानित सभा समक्ष पेश गर्ने अनुमति चाहन्छु ।

**सम्मानित सभा अध्यक्ष ज्यु,**
**सभा सदस्य ज्युहरु,**

बजेट तथा कार्यक्रम प्रस्तुत गर्नु अगाडि संघीय लोकतान्त्रिक गणतन्त्रात्मक शासन व्यवस्था स्थापनाका लागि ऐतिहासिक जनआन्दोलन, जनउयुद्ध, मधेश आन्दोलन लगायतका सबै आन्दोलनमा आफ्नो प्राण उत्सर्ग गर्ने ज्ञात-अज्ञात अमर सहिदलाई स्मरण गदै भावपुर्ण श्रद्धाञ्जली व्यक्त गर्न चाहन्छु । साथै नेपाली समाज रूपान्तरणको क्रममा अग्रपङती रहेर नेतृत्वदायी भुमिका निर्वाह गर्नु हुने अग्रजहरूप्रति उच्च सम्मान व्यक्त गर्दछु ।

विश्वव्यापी रुपमा देखा परेको कोभिड-१९ ले यस गाउँपालिकाका नागरिकको दैनिक जनजीवनमा प्रतिकुल असर परेको छ । महामारीको चपेटामा परेर ज्यान गुमाएका सबै नागरिकहरूप्रति हार्दिक श्रद्धाञ्जली व्यक्त गर्दै कोरोनाबाट संक्रमित सबै नागरिकहरुको शीघ्र स्वास्थ्य लाभको कामना गर्दछु । यसका साथै कोरोना महामारीका विरुद्ध अग्रपङतीमा रही सेवारत सबै स्वास्थ्यकर्मी, सुरक्षाकर्मी तथा यस अभियानमा खटिएका जनप्रतिनिधि, राष्ट्रसेवक र नागरिकहरूप्रति हार्दिक धन्यवाद ज्ञापन गर्न चाहन्छु ।

**अध्यक्ष महोदय,**

यो बजेट तर्जुमा गर्दा नेपालको संविधानले परिकल्पना गरेको संघीय लोकतान्त्रिक गणतन्त्रात्मक राज्य प्रणाली, नेपाल सरकार, प्रदेश सरकार र स्थानीय सरकारका कानून, आवधिक तथा बार्षिक नीति तथा कार्यक्रम, पञ्चवर्षिय योजना समेटेका लक्ष्य, उद्देश्य, रणनीति तथा कार्यकमहरु दिगो विकासका लक्ष्य, थानिय सरकार संचालन ऐन, २०७४ ले गरेका व्यवस्थाहरु, बार्षिक बजेट तथा कार्यकम तर्जुमा दिग्दर्शन, २०७५ ले निर्दिष्ट गरेका व्यवस्थाहरु र कोभिड १९ वाट सृजित समस्याका कारण परिवर्तित प्राथमिकता क्षेत्रलाई आधार मानेको छु । गाउँपालिकाको विकासमा अघि वढ्न मार्ग निर्देश गर्नु हुने अग्रज, समाजसेवी, निजी क्षेत्र र आम नागरिकका अपेक्षा र सुझावलाई आधारको रुपमा लिइएको छ ।

चालु आर्थिक वर्षमा कोरोना प्रकोपले सामाजिक जीवनका विभिन्न क्षेत्रहरूसँगै विकास निर्माणको क्षेत्र पनि प्रभावित हुन पगेुको छ । हामी लामो समयको बन्दाबन्दी, आर्थिक कृयाकलापमा न्युनता, कोरोनाको त्रास र अन्यौलताका बीच गुज्रन बाध्य भएका छौं ।

आगामी आर्थिक वर्षको व्ययको अनुमान गर्दा आर्थिक मितव्ययता, कार्यान्वयन योग्यता, विकासको आवश्यकता र नागरिकका अपेक्षालाई प्राथमिकता दिएको छु । साथै कोभिड-१९ को महामारीका कारण संकटग्रस्त अर्थतन्त्रलाई पुन: गतिशील र चलायमान बनाउन अनुत्पादक लगानी र अनावश्यक खर्चलाइ कटौती गरेको छु । यो बजेट तर्जुमा गर्दा स्थानीय स्रोत र साधनको परिचालन गरी सेवा, उत्पादन र रोजगारी अभिवृद्धि गर्ने योजना र कार्यक्रममा केन्द्रित भएको छु ।

**अध्यक्ष महोदय,**

अव म अजिरकोट गाउँपालिकाको चालु आर्थिक वर्षको बजेट कार्यान्वयनको संक्षिप्त समिक्षा गर्ने अनुमति चाहन्छु ।

चालु आर्थिक वर्षको हिउँदे अधिवेशनमा थप भएको रकम सहित कूल खर्च रु. ४८ करोड ९३ लाख १३ हजार ९ सय हुने अनुमान गरीएकोमा कुल विनियोजित रकमको ८१ प्रतिशत खर्च हुने संशोधित अनुमान छ । कोरोना भाईरसको संक्रमणका कारण घोषणा गरिएको बन्दावन्दीले गर्दा द्रुत गतिमा बजेट कार्यान्वयनमा समस्या भएको विषय सम्मानित सभा समक्ष जानकारी गराउछु ।

अब म आगामी वर्षका लागि बजेट तर्जुमा गर्दा देहाय बमोजिमका आधारहरु लिईएको कुरा सम्मानित सभा सामु राख्न चाहन्छु ।

- नेपालको संविधानले उल्लेख गरेका राज्यका निर्देशक सिद्धान्त तथा नीतिहरु,
- नेपाल सरकारको चालु आवधिक योजनाले निर्धारण गरेका रणनीति तथा प्राथमिकताहरु,
- राष्ट्रिय योजना आयोगबाट प्राप्त दिग्दर्शन, संघीय सरकारको बजेट तथा कार्यक्रमका साथै गण्डकी प्रदेश सरकारको बजेट तथा कार्यक्रम र मार्गदर्शन
- अजिरकोट गाउँपालिकाको प्रथम पञ्चवर्षिय योजनाले समेटेका लक्ष्य, उद्देश्य, रणनीति तथा कार्यक्रमहरु,
- अजिरकोट गाउँपालिकाको आर्थिक वर्ष २०७८।०७९ को नीति तथा कार्यक्रम,
- टोलवस्तीबाट भएका सिफारिस, वडा समितिको सिफारिस, विषयगत समितिहरुका निर्णयहरु,
- जनप्रतिनिधि मार्फत् मुखरित जनभावना तथा सरोकारवालाहरुले दिएका सुझावहरु,
- दिगो विकासका लक्ष्यहरू तथा तिनले निर्धारण गरेका प्रमुख क्षेत्रहरू,
- नेपाल सरकारले अन्तर्राष्ट्रिय रुपमा प्रतिबद्धता जनाएका विषय तथा क्षेत्रहरु,
- स्थानीय सरकार संचालन ऐन, २०७४ ले गरेका व्यवस्थाहरु,
- स्थानिय तहको बार्षिक बजेट तथा कार्यक्रम तर्जुमा दिग्दर्शन, २०७५ ले निर्दिष्ट गरेका व्यवस्थाहरु,
- संघीय र गण्डकी प्रदेश सरकारका बार्षिक नीति तथा कार्यक्रमहरु
- स्थानीय राजनीतिक दलका प्रतिनिधिहरू, बुद्धिजिवी, निजी क्षेत्र, गैरसरकारी संस्था तथा नागरिक समाजबाट प्राप्त सुझावहरू,

- कोभिड १९ वाट सृजित समस्याका कारण परिवर्तित प्राथमिकता क्षेत्र ।

**सभाका अध्यक्ष महोदय,**

यस सम्मानित सभा समक्ष प्रस्तुत आगामी आर्थिक वर्षको बजेटको **आधारभूत सोच** निम्नानुसार रहेको अवगत गराउदछु :

आर्थिक विकास, सामाजिक विकास, वन, वातावरण तथा विपद् व्यवस्थापन, पूर्वाधार विकास र सुशासन तथा संस्थागत विकासलाई दीगो विकासको अवधारणासंग एकाकार गरी सुन्दर, शान्त र समृद्ध अजिरकोटको रुपमा स्थापित गर्ने सोच रहेको छ ।

सभाध्यक्ष महोदय,

प्रस्तुत आधारभुत सोचलाई मुर्त रुप दिन आगामी आर्थिक वर्षको बजेटका **उद्देश्यहरु** निम्नानुसार रहेका छन् :

- समाजिक विकासलाई उच्च प्राथमिकता दिदै स्वास्थ्य, शिक्षा, कोभिड १९ को संक्रमण नियन्त्रण, रोकथाम र उपचार तथा प्राप्त उपलब्धीहरुलाई दीगो र समावेशी गराउने,
- कृषि, सहकारी विकास र पर्यटनलाई गाउँपालिकाको समृद्धिको आधारको रुपमा लिई ती क्षेत्रहरुको प्रवर्द्धन गर्ने साथै रोजगारी सृजना र गरिवी निवारण गर्ने,
- वातावरण मैत्री पूर्वाधार विकासको माध्यमद्वारा आर्थिक, सामाजिक विकासको आधार तयार गर्ने,
- उत्पादन र उत्पादकत्व वृद्धि गर्नुका साथै मानव विकास सूचकांकमा वृद्धि गर्ने,
- संस्थागत विकास र सुशासनलाई बढवा दिने,
- विपद् व्यवस्थापनद्वारा नागरीकहरुको जीवनलाई सुरक्षित गराउने,

आर्थिक वर्ष २०७८/०७९ को बजेटले निर्धारण गरेको उल्लेखित सोच र उद्देश्य अनुरुपको उपलब्धि हासिल गर्न **प्राथमिकताका क्षेत्रहरु** निम्नानुसार राखिएको छ :

- कोरोनाको नियन्त्रण, रोकथाम र उपचार गरी सबै नागरिकलाई सुरक्षित खोपको सुनिश्चितता गर्ने
- स्वास्थ्य, रोजगारी, शिक्षा लगायतका समावेशी सामाजिक न्याय सहितको तिव्र आर्थिक वृद्धी,
- भौतिक पुर्वाधार विकासमा जोड दिदै अधुरा तथा क्रमागत आयोजनाहरूलाई सम्पन्न गर्ने तथा पुर्वाधार विकास निर्माणका नयाँ आयोजनालाई प्राथमिकता दिने,
- कृषि क्षेत्रको आधुनिकिकरण मार्फत उत्पादन र उत्पादकत्व वृद्धी तथा पर्यटन पुर्वाधारहरुको विकास,
- विपद् जोखिम न्यूनीकरण, व्यवस्थापन तथा वातावरणीय प्रभाव अध्ययनलाई जोड दिने,
- सार्वजनिक सेवा प्रवाहलाई गुणस्तरिय, पारदर्शी, सर्वसुलभ र प्रविधिमैत्री वनाई नागरिकको पहुँच अभिवृद्धी गर्ने ।

**सभाध्यक्ष महोदय,**

यी सोच, उद्देश्य र प्राथमिकताको सेरोफेरोमा रहेर अजिरकोट गाउँपालिकाको आर्थिक वर्ष २०७८/०७९ को वजेट तथा कार्यक्रम पेश गर्न अनुमती चाहन्छु :

आर्थिक वर्ष २०७८/०७९ मा अजिरकोट गाउँपालिकाको आय तर्फ संघीय सरकारवाट प्राप्त वित्तिय समान्यीकरण अनुदानमा रु. ११ करोड ३० लाख, राजस्व बाँडफाँडमा रु. ६ करोड ५८ लाख ५ हजार, संघीय सरकारबाट प्राप्त सशर्त तर्फ रु. १६ करोड ७९ लाख, संघिय सरकारद्वारा समपुरक अनुदान तर्फ विनियोजित रु. १ करोड ३९ लाख, गण्डकी प्रदेश सरकारवाट प्राप्त वित्तिय समान्यीकरण अनुदान तर्फ रु. १ करोड ३३ लाख ८९ हजार, गण्डकी प्रदेश सरकारको राजस्व बाँडफाँड तर्फ रु. ३८ लाख ५६ हजार र गण्डकी प्रदेश सरकारद्वारा विशेष अनुदानमा रु. १ करोड प्राप्त हुने अनुमान गरिएको छ । यसैगरी आर्थिक वर्ष २०७७/०७८ बाट ल्याएको रु. ९ करोड र आन्तरीक आय तर्फ रु. ४५ लाख १० हजार गरी कुल ४८ करोड २३ लाख ६० हजार वार्षिक आय हुने अनुमान गरिएको छ ।

गाउँ कार्यपालिकाको कार्यालय, मातहतका शाखाहरु, वडा कार्यालयहरु, कार्यपालिकाको कार्यालय मातहतका कार्यालयहरुको सञ्चालन तथा कार्यरत कर्मचारीहरुको व्यवस्थापन र विविध विषय क्षेत्रमा हुने चालु प्रकृतिका कार्यक्रमहरु तर्फ रु. २८ करोड ४५ लाख ९२ हजार ४ सय (कुल व्ययको ५९ प्रतिशत) चालु खर्च र विकास कार्यहरुको लागि रु. १९ करोड ७७ लाख ६७ हजार ६ सय ( कुल व्ययको ४१ प्रतिशत) पुँजिगत तर्फ विनियोजन गरिएको छ ।

**सभाध्यक्ष महोदय,**

अव म आर्थिक वर्ष २०७८/०७९ को अजिरकोट गाउँपालिकाको बजेट तथा कार्यक्रमले तय गरेका मुख्य व्यवस्थाहरु निम्नानुसार प्रस्तुतीको लागि अनुमती चाहन्छु :

**(क) आर्थिक विकास**

१. आगामी आर्थिक वर्षलाई अजिरकोट **कृषि प्रवर्द्धन वर्ष**को रुपमा निरन्तरता दिदैं कृषि क्षेत्रलाई थप उत्पादनमुखी बनाउँदै कृषिलाई व्यवसायिक गराउन विविध कार्यक्रमहरु सञ्चालन गरिनेछ । अजिरकोट गाउँपालिकालाई खाद्य तथा पोषण सुरक्षाको सुनिश्चितता गर्दै कृषि क्षेत्रको विकासका आवश्यक रकम विनियोजन गरिएको छ । बाँझो जग्गामा खेती कार्यक्रम, गरा सुधार कार्यक्रम, अध्यक्ष कृषी प्रवर्द्धन कार्यक्रम, साना तथा व्यवसायिक महिलामुखी कार्यक्रम, एक घर एक करेसाबारी कार्यक्रम, बाली बिमा कार्यक्रम, बाली संरक्षण कार्यक्रम, अलैंची खेती पकेट क्षेत्र कार्यक्रम, कृषक प्रोत्साहन कार्यक्रम, नमुना मौसमी कृषी फार्म, जडिबुटी बिउ-विजन उत्पादन, अर्गानिक कृषि प्रवर्द्धन कार्यक्रम तथा कृषि क्षेत्रको आधुनिकीकरण, यान्त्रीकरण र व्यवसायीकरणका लागि कृषि उपकरण वितरणका साथै कृषि पुर्वाधार विकासका कार्यक्रमहरुका लागि रु २ करोड रकम विनियोजन गरिएको छ ।

२. नागरिकको आयआर्जन तथा स्वरोजगारका अवसरहरु सृजना गर्न पशुपंक्षी क्षेत्र अर्न्तगत पशुपंक्षी बीमा, दूध डेरीको स्थापना, रैथाने प्रजातीका पशुपंक्षीको व्यवसायीक पालन, माछापालन अनुदान,

उच्च नस्लका पशुपालन तथा भेडा, च्याङ्ग्रा, चौँरी तथा चौपायाहरूको व्यवसायिक पालन, गाईपालक कृषकहरुलाई प्रोत्साहनका कार्यक्रमहरु र पशु चौपायाहरुको गोठ सुधार लगायतका पशुपंक्षी विकासका विविध कार्यक्रमहरुको लागि रु. ८० लाख रकम विनियोजन गरिएको छ ।

३. पर्यटकलाई आकर्षित गर्न “हनी हन्टिङ फेस्टिभल”, “भेडी गोठ भ्रमण” जस्ता पर्यापर्यटन उन्मुख प्रवर्द्धनात्मक कार्यक्रमहरू सञ्चालन गरिनेछ । यसैगरी स्थानीय उत्पादनलाई पर्यटन प्रवर्द्धनसँग आबद्ध गरी स्थानीय उत्पादन बिक्री केन्द्र र कोसेली घरको स्थापना गरिनेछ । गाउँपालिकाभित्रका प्रमुख पर्यटकीय गन्तव्यहरुमा पर्यटन पुर्वाधार विकास र प्रवर्द्धन मार्फत दिगो आय आर्जनका कृयाकलापहरुलाई रकम विनियोजन गरिएको छ । यस अर्न्तगत नागेपोखरीमा पर्यटन पूर्वाधार निर्माण, पर्यटन महोत्सव, वृत्तचित्र निर्माण, सामुदायिक होमस्टे पुर्वाधार निर्माण र क्षमता अभिवृद्धी लगायतका कार्यक्रमहरु समेटिएको छ ।

४. सहकारी क्षेत्रलाई प्राथमिकता दिदै वास्तविक उत्पादक, उपभोक्ता तथा श्रमिक वर्गको हीतको लागि सहकारी संस्थाहरुको नियमन, प्रबर्द्धन र प्रशिक्षण गरी सहकारी क्षेत्रको संस्थागत क्षमता विकासको लागि आवश्यक बजेटको सुनिश्चितता गरिएको छ ।

५. लघु, घरेलु तथा साना उद्योगलाई प्रोत्साहन तथा प्रवर्द्धन, गाउँपालिकामा दर्ता भएका र नभएका सबै खाले उद्योग व्यावसायहरुको नियमानुसार तथ्याङ्क अध्यावधिक साथै उपभोक्ता हकलाई संरक्षण गर्न बजारको अनुगमन र गुणस्तर परिक्षणको लागि आवश्यक रकमको व्यवस्था गरिएको छ ।

**(ख) सामाजिक विकास**

६. स्वास्थ्य, शिक्षा, युवा विकास जस्ता समाजिक विकासका क्षेत्रहरु आगामी बजेटका प्राथमिकताका क्षेत्रहरु हुन् । यसर्थ सामाजिक विकास सहितको आर्थिक विकास मार्फत दीगो विकासको लक्ष्य प्राप्त गर्न आगामी आर्थिक वर्षमा सामाजिक विकासको क्षेत्रमा प्राथमिकताका साथ बजेट विनियोजन गरिएको छ ।

७. कोभिड महामारीको रोकथाम तथा नियन्त्रण तथा स्वास्थ्य सुरक्षाको लागि सवै नागरिकलाई खोपको सुनिश्चितता, आइसोलेसन तथा क्वारेन्टाइन स्थापना, भच्चेकमा पाँच शैयाको अस्पताल निर्माण, स्वास्थ्य ईकाइहरुको निर्माण, पुर्वाधार विकास र सेवाको गुणस्तरमा वृद्धिका लागि उपाध्यक्ष सामुदायिक नर्सिङ सेवा कार्यक्रम, महिला स्वास्थ्य स्वयंसेविका एवं स्वास्थ्यकर्मीहरुलाई प्रोत्साहन र कोरोना भाइरस नियन्त्रण तथा रोकथाम कोषका लागि रु. १ करोड ६५ लाख रकम विनियोजन गरिएको छ ।

८. आयुर्वेद औषधालय मार्फत नागरिकको स्वास्थ्यमा सुधार ल्याउनका लागि आयुर्वेद औषधीको व्यवस्थापन, कारार सेवा शुल्क, वैकल्पिक उपचार विधि प्राकृतिक चिकित्सा, आयुर्वेद, योग अभ्यास तथा मनोपरामर्श सेवा लगायतका कार्यक्रमहरुको लागि आवश्यक बजेटको व्यवस्था गरिएको छ ।

९. शिक्षा क्षेत्रको विकास गर्दै शिक्षालाई गुणस्तरीय, प्रतिस्पर्धी बनाउदै विद्यालयको विकासका लागि हाम्रो विद्यालय राम्रो विद्यालय कार्यक्रम, अजिरकोट उत्कृष्ट शिक्षा पुरस्कार, अध्यक्ष जेहेन्दार छात्रवृति

कार्यक्रम, छोरी भए पुगेसरी कार्यक्रम, विषयगत शिक्षक सशर्त अनुदान, शिक्षकको क्षमता विकास, डिजिटल कक्षा सञ्चालन, शैक्षिक चुनौती कोष लगायतको शैक्षिक प्रवर्द्धनका कृयाकलापका लागि सशर्त बाहेक रु. १ करोड ६० लाख रकम विनियोजन गरिएको छ ।

१०. महिला विकाससँग अन्तरसम्वन्धित विविध कृयाकलापहरु लैङ्गिक समानता कायम गर्न आवश्यक नीति तथा कानुन तर्जुमा, लैङ्गिक उत्तरदायी बजेट तर्जुमा, लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण परीक्षण, मेलमिलापकर्ताहरुको क्षमता अभिवृद्धि, महिला सीप विकास, नेतृत्व विकास, उद्यमशिलता विकास, एकल महिला, अपाङ्गता भएका व्यक्ति तथा जेष्ठ नागरिकहरुका लागि कोष, महिलाहरुद्वारा सञ्चालित भच्चेकमा लाली गुराँस ढाका कपडा उद्योगलाई भवन निर्माण गर्न आवश्यक रकम विनियोजन गरिएको छ ।

११. वालमैत्री स्थानिय शासन अवलम्बनका लागि, बालक्लवहरुको व्यवस्थापन र बाल प्रतिभा पहिचानका साथै बाल अधिकार संरक्षण र प्रवर्द्धन लगायतका कार्यक्रमहरुका लागि आवश्यक रकम विनियोजन गरिएको छ ।

१२. वैदेशिक रोजगारीमा गएका युवाहरुलाई लक्षित गरी स्वरोजगारमूलक कार्यमा संलग्न गराउन प्रोत्साहन गर्न फर्क युवा अभियानलाई निरन्तरता साथै शिक्षक सेवा तथा लोकसेवा तयारी कक्षा लगायतका युवा लक्षित कार्यक्रमहरुको लागि बजेटको व्यवस्था गरिएको छ ।

१३. फरक क्षमता भएका व्यक्तिहरुको जिविकोपार्जन, जेष्ठ नागरिकहरूलाई स्वास्थ्य सेवा सम्बन्धी कार्यक्रम, जेष्ठ नागरिकहरुका लागि बुढेसकालको सहारा कार्यक्रम सञ्चालन, संस्कृती प्रवर्द्धन र लक्षित वर्गको हकहितको लागि आवश्यक रकमको व्यवस्था गरिएको छ । स्वीकृत विस्तृत परियोजना प्रतिवेदन अनुसार चालु आर्थिक वर्षमा आव्हान गरीएको वहुवर्षिय ठेक्का प्रणाली मार्फत कार्य प्रारम्भ भएको यस क्षेत्रको प्रसिद्ध धार्मिक पर्यटकिय तथा ऐतिहासिक क्षेत्र अजिरकोट कालिका मन्दिर तथा पर्यटकीय पुर्वाधार निर्माण र भ्याल्लाभुमेथान मन्दिर तथा पर्यटकीय पूर्वाधार निर्माणका लागि आवश्यक बजेट विनियोजन गरिएको छ । ठेकदारले तोकिएको समय अगावै कार्य सम्पन्न गरेमा भुक्तानीको समेत सुश्चितता गरिएको छ र विभिन्न वहानामा म्याद थप गर्ने प्रवृतिलाई निरुत्साहीत गरिनेछ ।

१४. अजिरकोट ब्रेनगेन फोरम सञ्चालन, सामाजिक उत्तरदायित्व कोष विउ पुँजी लगायत सामाजिक विकासका अन्य क्षेत्रहरुको प्रवर्द्धन गर्न आवश्यक रकमको व्यवस्था गरिएको छ ।

**(ग) पुर्वाधार विकास**

१५. वातावरणमैत्री पुर्वाधार आयोजना निर्माणलाई प्राथमिकता दिदै गाउँपालिकाभित्रका महत्वपुर्ण सडकहरुलाई नियमित मर्मत गरी वाह्रै महिना यातायात सञ्चालन योग्य वनाउनको लागि नियमित मर्मत सम्भार कार्यलाई व्यवस्थित गरिनेछ । आगामी आर्थिक वर्षमा संघिय सरकारबाट समपुरक अनुदानमा प्राप्त रु. १ करोड ३९ लाख र गाउँपालिकाबाट समपुरक रकम थप गरी नम्कीकोलकाटे भिरकुना सडक कालोपत्रे तोकिएको समयमै सम्पन्न गरिनेछ। वडा नं. ३ नम्की स्थित खेल मैदानलाई गाउँपालिका स्तरीय खेलमैदानको रुपमा निर्माण कार्यलाई निरन्तरताका लागि रु. ८० लाख रकम

विनियोजन गरिएको छ। भच्चेक हुलाक घरलाई पुनर्निर्माणको लागि आवश्यक विनियोजन गरिएको छ । गाउँ कार्यपालिकाको प्रस्ताव अनुसार यस गाउँपालिकाको विकटमा रहेको वडा नं. १ मा विद्यार्थिहरुलाई माध्यमीक तहसम्म सहज रुपमा शिक्षामा पहुँच स्थापित गर्न घ्याच्चोकमा आवासीय विद्यालय निर्माण तथा संचालनको लागि गण्डकी प्रदेश सरकारद्धारा विनियोजित रु १ करोड रकम रकमलाई समयमै ठेक्का आव्हान गरी कार्य अगाडि बढाईनेछ ।

१६. श्रममुलक आयोजनाहरु सञ्चालन गरी स्थानीय स्तरमा रोजगारी प्रवर्द्धन गर्नुका साथै स्थानीय सडक तथा पदमार्गहरु श्रमिकद्वारा नियमित मर्मत सम्भार गर्न आवश्यक रकमको व्यवस्था गरिएको छ। १५ लाखसम्मका आयोजनाहरु मात्र टोल विकास संस्था वा उपभोक्ता समिति मार्फत् सञ्चालन गर्ने र उपभोक्ताहरुको दक्षता नभएको आयोजनाहरुलाई दक्ष निर्माण व्यवसायी मार्फत ठेक्का आव्हान गरी सञ्चालन गरिनेछ ।

१७. उपभोक्ता, सरकारी तथा गैरसरकारी संघ/संस्थाहरुसंग समपुरक तथा साझेदारीमा अजिरकोटको पुर्वाधार विकासका कार्यहरु गर्नका लागि र सानातिना सडकहरु मर्मत सम्भार तथा स्तरोन्नतिका लागि मर्मत-सम्भार कोषमा आवश्यक रकमको व्यवस्था गरिएको छ ।

१८. जनसंख्या, क्षेत्रफल, मानव विकासको अवस्था, पुर्वाधार विकासको अवस्था, विकास लागत, राजश्व परिचालनको अवस्था र लागत सहभागिताको अवस्थालाई मध्यनजर गरी पाँचवटै वडाका टोल/वस्तीहरुबाट टोलवासीहरुको आकांक्षा र आवश्यकता अनुसारको भौतिक, सामाजिक तथा आर्थिक पूर्वाधार विकासका लागि प्रस्तावित आयोजनाहरुमा आवश्यक रकमको व्यवस्था गरीएको छ । यस अर्न्तगत सामुदायिक भवन, सडक निर्माण तथा मर्मत, खानेपानी, सिंचाई लगायतका क्षेत्रहरुमा आवश्यकतामा आधारित कृयाकलापहरु सञ्चालन गरिनेछ ।

१९. उपभोक्ताहरुको साझेदारीमा सञ्चालित हुने आयोजनाहरु, समपुरक कोष, सार्वजनिक निर्माण र पूँजिगत मर्मतको लागि बजेटको व्यवस्था गरिएको छ । आकस्मिक तथा नियमित विकासका विविध कार्यक्रमहरु स्थानीय लाभग्राही समुदायको सहभागीतामा सञ्चालन गर्न सक्ने गरी बजेट सुनिश्चित गरिएको छ ।

२०. गाउँपालिका स्तरीय यातायात गुरु योजना, भवन आचार संहिता निर्माण, भौतिक संरचनाहरुको डिजिटल नक्शाङ्कन तथा विद्यालय, स्वास्थ्य चौकी, र गाउँपालिकाको वडा कार्यालयसम्म इन्टरनेट सेवाका लागि आवश्यक रकमको व्यवस्था गरिएको छ ।

**(घ) वन, वातावरण तथा विपद् व्यवस्थापन**

२१. चोरी शिकारी नियन्त्रण तथा वन्यजन्तु संरक्षण, चौतारा निर्माण र सामुदायीक वन उपभोक्ता समितिको क्षमता विकासको लागि बजेटको सुनिश्चितता गरिएको छ ।

२२. जलवायु मापन केन्द्र स्थापना, भू-संरक्षण, पानीको मुल संरक्षण, जलाधार संरक्षण, जलवायु परिवर्तन, विपद् व्यवस्थापन केन्द्र स्थापना, विपद् व्यवस्थापन कोष, चट्याङ सम्वन्धी सचेतना,

फोहरमैलाको दीगो व्यवस्थापन लगायतका वातावरण तथा विपद् व्यवस्थापन कार्यका लागि आवश्यक रकम विनियोजन गरिएको छ ।

२३. एक घर एक बोट, हरियाली अजिरकोट कार्यक्रमलाई प्राथमिकताका साथ कार्यान्वयन गर्न निजी तथा सार्वजनिक स्थलमा वृक्षारोपण कार्यक्रम र दत्ते चौतारादेखि भच्चेक बजारसम्म अजिरकोट गुराँस जोन निर्माणको लागि आवश्यक रकमको व्यवस्था गरिएको छ ।

२४. भच्चेक वजारलाई क्रमश: सरसफाईयुक्त क्षेत्र वनाउनको लागि सचेतनामूलक सन्देश सहित वातावरण सम्वन्धी विविध कार्यक्रमहरु सञ्चालनको व्यवस्था मिलाईनेछ ।

**(ङ) संस्थागत विकास तथा सेवा प्रवाह**

सभाध्यक्ष महोदय,

अव म संस्थागत विकास तथा सेवा प्रवाहको क्षेत्रमा आगामी आर्थिक वर्षमा गरिने कृयाकलापहरुको विवरण प्रस्तुतीका लागि अनुमति चाहन्छु :

२५. सम्पुर्ण निर्जिव स्रोतहरुको परिचालन गरी संस्थाले लिएको लक्ष्यमा पुग्न सहयोग गर्ने जिवित स्रोत मानव संसाधनको क्षमता विकास गर्न आवश्यक रकमको व्यवस्था गरिएको छ । कानुन तथा कार्यविधि तयारीको लागि परामर्श सेवा तथा न्यायिक समितिलाई सहयोग गर्न तथा गाउँपालिकाको कानुनी काम कारवाहीमा आवश्यक सहयोग गर्न कानुनी परामर्श सेवामा बजेटको सुनिश्चितता गरिएको छ ।

२६. कार्यसम्पादनलाई उच्च राख्न कर्मचारीहरुलाई प्रोत्साहन साथै आन्तरिक पर्यटन प्रवर्द्धन गरी अर्थतन्त्रलाई टेवा पुर्‍याउनका लागि वर्षमा दश दिनको तलवी विदा उपलव्ध गराई थप प्रोत्साहनको व्यवस्था गरिएको छ ।

२७. शुसासन र वित्तिय प्रणालीको सुधार, आन्तरिक श्रोत पहिचान तथा परिचालन, जिन्सी व्यवस्थापन, राजस्व व्यवस्थापन तथा सम्पत्ती कर सम्बन्धी सफ्टवेयर जडान, सार्वजनिक सुनुवाई, सामाजिक परिक्षण, घुम्ती सेवा सञ्चालन साथै सेवा प्रवाहमा सुचना प्रविधीको प्रयोग गर्न आवश्यक रकम विनियोजन गरिएको छ ।

२८. गाउँपालिकाको स्थायी प्रशासनीक भवन र गाउँ प्रहरी तथा कर्मचारी आवास निर्माणका लागि रु. १ करोड रकम विनियोजन गरिएको छ ।

२९. गाउँप्रहरी भर्ना गरी नागरिक सुरक्षा र सहयोग कार्यका लागि आवश्यक रकम विनियोजन गरिएको छ । सेवा प्रवाहलाई प्रभावकारी गराई गाउँपालिका तथा मातहतका कार्यालयहरुको भौतिक व्यवस्थापनको लागि उचित बजेटको व्यवस्था मिलाईएको छ ।

३०. नागरिकको गुनासो तथा आवाजलाई सम्वोधन गर्न **हेलो अजिरकोट** कार्यक्रम सञ्चालनको व्यवस्था मिलाईएको छ । गाउँपालिकाको विस्तृत परिचय झल्कने गरी **अजिरकोट परिचय पुस्तक** प्रकाशनको लागि बजेटको सुनिश्चितता गरिएको छ ।

**आदरणीय सभाध्यक्ष महोदय,**

**सभा सदस्य ज्युहरु,**

यस वजेटको कार्यान्वयनवाट समग्रमा आर्थिक वृद्धीले गति लिने र समृद्ध अजिरकोट निर्माणको आधार तयार हुने विश्वास लिएको छु । असीमित आवश्यकता र सिमित साधन स्रोतको वावजुत नागरिकका आकांक्षा र आवश्यकतालाई सम्वोधन गर्ने प्रयास गरिएको छ । बजेटले समेट्न नसकेका र प्राथमिकतामा परेका थप आयोजनाहरुलाई आयोजना वैंकमा समेटी क्रमशः कार्यान्वयन गर्दै लगिने विश्वास दिलाउन चाहन्छु । कोभिड–१९ महामारीको असर र प्रभाव छिट्टै नियन्त्रण भई विकास निर्माण, कृषी, पर्यटन व्यापार व्यवसाय, सार्वजनिक प्रशासन लगायत अजिरकोटवासी नागरिकहरुको दैनिक जीवन सामान्य हुँदै जाने विश्वास लिएको छु ।

अन्तमा, बजेट तर्जुमाका लागि मार्गदर्शन गर्नुहुने जनप्रतिनिधिहरु, राष्ट्रसेवक कर्मचारीहरु, राजनैतिक दलहरु, निजि क्षेत्र, नागरिक समाज, गैर सरकारी संस्था एवं आम सरोकारवालाहरु तथा पत्रकार जगतवाट प्राप्त सुझाव, सहयोग र सल्लाह प्रति हार्दिक आभार प्रकट गर्दछु । यो बजेट कार्यान्वयनमा सवै सरोकारवालाहरुको रचनात्मक सहयोग रहने विश्वास लिएको छु ।

धन्यवाद ।

चन्द्रमाया गुरुङ्ग (उपाध्यक्ष)
अजिरकोट गाउँपालिका
मिति २०७८ साल असार १० गते